नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
शिक्षा विकास तथा समन्वय इकाई
कास्की
२०७५

पत्र संख्या : २०८२।०८३
चलानी नं. :

मितिः २०८२।१२।१५
नेपाल सम्बत ११४६ चौलाथ्व एकादशी

## माध्यमिक शिक्षा परीक्षा ( SEE) २०८२ सम्बन्धमा अपिल ।

माध्यमिक शिक्षा परीक्षा (SEE) २०८२ यहि मिति २०८२ चैत्र १९ गते देखि देशभर सञ्चालन हुँदैछ । यस जिल्लाबाट २९३ वटा विद्यालयका १०८५६ जना विद्यार्थी भाईबहिनीहरुले तोकिएका ३६ वटा परीक्षा केन्द्रहरुबाट परीक्षामा सम्मिलित हुँदैछन । यस कार्यालयले माध्यमिक शिक्षा परीक्षा (SEE) २०८२ लाई सु-व्यवस्थित, भयरहित, निष्पक्ष, र वालमैत्री वातावरणमा सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक तयारी पुरा गरेको छ । माध्यमिक शिक्षा परीक्षा पनि विगतमा बिद्यालयहरुमा सञ्चालित नियमिति परीक्षा जस्तै भएकाले आदरणीय अभिभावक, शिक्षक र सरोकारवालाज्यूहरुले विद्यार्थी भाई बहिनीहरुलाई उच्च मनोवल सहित उत्साहित भएर परीक्षामा सम्मिलित हुने वातावरण सिर्जना गरी आवश्यक सहयोग गरिदिनु हुन देहाय वमोजिम हार्दिक अपिल गर्दछु ।

- परीक्षामा सहभागी हुने विद्यलायहरुले आफ्ना विद्यार्थीहरुलाई अनिवार्य रुपमा परीक्षा शुरु हुनु भन्दा १ घण्टा अगावै तोकिएको परीक्षा केन्द्रमा पु-याउनु हुन ।
- परीक्षामा सहभागी हुने समूह विद्यालयका प्रधानाध्यापकहरुले यस इकाइबाट जारी गरिएको प्रवेशपत्र परीक्षा पूर्व नै रुजु गरी सबै प्रवेशपत्रहरुको फोटोकपी दुई / दुई प्रति तयार गरी एक प्रति सुरक्षित तवरले विद्यालयमा नै राख्नु हुन र अर्को एकप्रति सम्बन्धित परीक्षा केन्द्रका केन्द्राध्यक्षलाई उपलब्ध गराउने व्यवस्था मिलाउनु हुन ।
- अभिभावकज्यूहरुले आफ्ना वावुनानीहरुलाई प्रवेश पत्र र परीक्षामा लेख्न चाहिने कलम, पेन्सिल, क्यालकुलेटर, गणित र विज्ञान विषयमा चाहिने आवश्यक सामग्री लिएर जान स्मरण गराई सहयोग गर्री दिनुहुन ।
- SEE परीक्षा पनि विद्यार्थीहरुले विगतमा दिएको नियमित परीक्षा जस्तै परीक्षा भएकाले विद्यार्थीहरु उच्च मनोलका साथःपरीक्षामा सहभागी हुनुहुन र विद्यालय र अभिभावज्यूहरुले आफ्ना बाबुनानीहरुलाई ढुक्क भएर परीक्षामा सहभागी हुन उत्प्रेरित गरिदिनु हुन ।
- विद्यार्थीहरुले परीक्षा हलमा निषेध गरिएका कुनै पनि सामाग्रीहरु ( चिट, नोट बुक, स्मार्ट घडी, क्यालकुलेटर मोबाइल फोन आदि) नलैजानु हुन ।
- आफ्ना नानीबाबुहरुको सु- स्वास्थ्यको लागि स्वास्थ्यकर खाना स्वच्छ पिउने पानीको व्यवस्था गर्नु हुन।
- हेरक विद्यालयहरुले १ जना जिम्मेवार शिक्षकलाई परीक्षा केन्द्र रहेको विद्यालय नजिक कुनै आकस्मिक सहयोग चाहिने अवस्थामा तत्काल उपलब्ध हुने गरी खटाउने व्यवस्था गर्नुहुन ।

लोकनाथ अर्याल
इकाइ प्रमुख (उपसचिव)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# शिक्षा विकास तथा समन्वय इकाइ

कास्की

२०७५

पत्र संख्या : २०८२।०८३
चलानी नं. :

- महानगरपालिका / गाउँपालिकाहरुले आफ्ना पालिका अन्तर्गत रहेका परीक्षा केन्द्रहरुमा आकस्मिक स्वास्थ्य व्यवस्थाका लागि स्वास्थकर्मीहरु सहितको HEALTH DESK व्यवस्था गरिदिनु हुन ।
- केन्द्राध्यक्षहरुले परीक्षा केन्द्रमा सेनेटरी प्याड, FIRST AID BOX र शुद्ध पिउने पानी ( तातो, चिसो ) को व्यवस्था गर्नु हुन ।
- सहायक केन्द्राध्यक्ष एवम् निरीक्षकज्यूहरुले परीक्षार्थी भाईबहिनीहरुलाई शिष्ट भाषाको प्रयोग र वालमैत्री व्यवहार गर्नु हुन ।
- अनुगमन र पर्यबेक्षणमा खटिनु भएका आदरणीय व्यक्तित्वहरुले परीक्षार्थी रहेका कक्षमा शान्ति भंग नहुने कुराको सुनिश्चतता गर्नु र कुनै पनि खालको बाधा र व्यवधान हुने वातावरण सिर्जना नगर्ने साथै जथाभावी फोटो लिने ठुलो स्वरमा बहस एवं छलफल गर्ने जस्ता कार्य नगर्नु हुन ।
- विगतमा परीक्षालाई निष्पक्ष व्यवस्थित, मर्यादित, भयरहित र शान्तिपूर्ण तरिकाले सञ्चालन गर्न प्रत्यक्ष र परोक्ष रुपमा समन्वयात्मक सहयोग गर्नुहुने सबै सरोकारवालाहरुमा यस पटकको परीक्षालाई पनि व्यवस्थित निष्पक्ष मर्यादित भयरहित र शान्तिपूर्ण वातावरणमा सञ्चालन गर्नका लागि आवश्यक सहयोग र समन्वय गर्नु हुन हार्दिक अनुरोध गर्दछु ।

लोकनाथ आचार्य
इकाइ प्रमुख ( उपसचिव)